# गौरादह नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिक्षा,युवा तथा खेलकुद शाखा
गौरादह,झापा
प्रदेश नं.१,नेपाल

प.सं. ०७५/०७६ मिति : २०७५।११।३
च.नं.

विषय :विपन्न लक्षित छात्रवृत्ति सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं.३०,मिति २०७५/९/१२ को पत्रानुसार विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिद्वारा प्रदान गरिने विपन्न लक्षित छात्रवृत्तिको लागि सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८,१० र ११ मा अध्ययनरत विद्यार्थीको निवेदन फारम भर्नका लागि सबै सामुदायिक विद्यालयलाई पत्राचार गरेको व्यहोरा सबैमा अवगत नै छ । शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय तथा विद्यार्थी वित्तिय सहयोग कोषले पटक-पटक सूचना प्रकाशित गरी माघ मसान्त सम्म विद्यार्थीको निवेदन फारम भरिसक्नुपर्ने भनी गरेको सूचना बमोजिम अझै पनि केहि विद्यालयहरुले उक्त छात्रवृत्तिको आवेदन फारम नभरेको पाइएकाले पुन: शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय तथा विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिले मिति २०७५/११/१५ सम्म म्याद थप गरेको हुँदा सो मिति अगावै,निवेदन फारम नभरेका विद्यालयहरुले यथा सिघ्र स्रोत केन्द्रमा सम्पर्क राखी फारम भर्नहुन वा तपसिल बमोजिमको **website** हेरी भर्नहुन सम्बन्धीत सबै विद्यालयको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल :

फारम भर्नका लागि हेर्नुपर्ने निर्देशिका र कार्यविधि :

१.विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०७४-**www.doe.gov.np** बाट **download** गर्न सकिनेछ ,

२.विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका,२०७४-**www.doe.gov.np** बाट **download** गर्न सकिनेछ ।

३.उक्त छात्रवृत्तिको लागि भनुपर्ने दरखास्त फारम **www.doe.gov.np** को“विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्ने अनलाइन एक्सेल लिने र फारम भर्ने सूचना”बाट **download** गर्न सकिनेछ ।

४.यस सम्बन्धी थप कुरा बुझ्नु परेमा स्रोत केन्द्र वा गौरादह न.पा.को शिक्षा,युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुहोला ।